छैठौं बैठक

आज मिति २०८३।०७।३० गते सोमवारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

तपसिल

सि.नं.	नाम थर	पद	ठेगाना	दस्तखत
१.	श्री झविलाल थापा	नगर प्रमुख	भूमिकास्थान नगरपालिका	
२.	श्री बालकृष्ण बन्जाडे	नगर उप-प्रमुख	भूमिकास्थान नगरपालिका	
३.	श्री गोपाल प्रसाद खनाल	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. १	
४.	श्री बुद्धि बहादुर थापा	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. २	
५.	श्री कृष्ण प्रसाद बन्जाडे	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. ३	
६.	श्री बाबुराम पन्थी सुनार	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. ४	
७.	श्री जयगोपाल श्रेष्ठ	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. ५	
८.	श्री प्रेम नारायण बेल्वासे	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. ६	
९.	श्री रामचन्द्र ढुंगाना	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. ७	
१०.	श्री राजकुमार श्रेष्ठ	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. ८	
११.	श्री खेमराज चुंदाली	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. ९	
१२.	श्री खगेश्वर पन्थी	वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य	भु.न.पा, वडा नं. १०	
१३.	श्री खुमा वेल्वासे	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
१४.	श्री केशरा परियार	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
१५.	श्री तिर्था वेल्वासे	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
१६.	श्री ठाकुर सौराग	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
१७.	श्री विष्णु वि.क.	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
१८.	श्री मान बहादुर सुनार	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
१९.	श्री गिता जि.एम.	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
२०.	श्री गिर बहादुर नेपाली	नगर कार्यपालिका सदस्य	भूमिकास्थान नगरपालिका	
२१.	श्री रबिन्द्र प्रसाद चौधरी	सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत	भूमिकास्थान नगरपालिका	
२२.	श्री जनकलाल गैरे	का.वा. वडा अध्यक्ष	भु.न.पा, वडा नं. १०	

निर्णय प्रमाणित गरिएको

सि.नं.	नाम थर	पद	ठेगाना	दस्तखत
२३.	जुना पाण्डे	वरिष्ठ लेखा अधिकृत	भूमिकास्थान नगरपालिका	
२४.	शेषकान्त घिमिरे	स.क.अधिकृत, योजना शाखा प्रमुख	भूमिकास्थान नगरपालिका	
२५.	सुनिल पोखेल	स.लेखा अधिकृत	भूमिकास्थान नगरपालिका	
२६.	जीवन थापा	प्राविधिक अधिकृत	भूमिकास्थान नगरपालिका	
२७.	मणिराम कुँवर	जिन्सी शाखा प्रमुख	भूमिकास्थान नगरपालिका	

प्रस्तावहरु

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा,

२ स्वदेशि उत्पादनको प्रयोग सम्बन्धमा,

३ विविध ।

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- भूमिकास्थान नगरपालिकाको १ देखि १० नम्बर वडाहरुको तोकिएका योजना मर्मत संभारका सन्दर्भमा वडा नं.३, ८ र १० को हकमा बोलपत्र सदर भई निर्माण व्यवसायीसँग सम्झौता भए बमोजिमको कार्य भै अन्तिम चरणमा पुगेको, वडा नं. १,२,४,७ र ९ का तोकिएका योजना कोटेशन विधिबाट सम्झौता भई कार्य भैरहेको साथै वडा नं. ५ र ६ को हकमा उपभोक्ता समितिसँग सम्झौता भई २०८३ को विजयादशमी अगावै मोटरबाटोहरु मर्मत गरी यात्रुहरु आवागमनलाई सहज बनाउने कार्य भएको ।
- गत २०८३ श्रावण महिना देखि भएको अविरल भारी वर्षाका कारण भूमिकास्थान नगरपालिकाको वडा नं.१ देखि १० सम्मका व्यक्तिहरुको विभिन्न प्रकारको क्षती भई प्रहरी मुचुल्का समेत संलग्न राखि वडा कार्यालय मार्फत यस नगरपालिकामा राहतको लागि पेश भएका निवेदन बमोजिम नगर कार्यपालिकाको मिति २०८३।०६।२६ गते बसेको बैठकबाट भएको निर्णय बमोजिम प्राविधिक स्थलगत प्रतिवेदनका आधारमा विपद पीडितहरुलाई राहत उपलब्ध गराउने कार्य भईरहेको ।
- भूमिकास्थान नगरपालिकाभित्र चालु आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुनेगरी सडक बोर्ड नेपालको च.नं.२५७, मिति २०८३/०६/१९ को पत्रबाट रु.४५ लाख को बजेट स्वीकृत भई आएकोमा उक्त रकममा यस नगरपालिकाबाट चालु आ.ब.२०८३/०८४ को बार्षिक नगर विकास योजनामा म्याचिङ्ग फण्ड (सडक बोर्ड, झोलुङ्गेपूल लगायत अन्य योजना तथा कार्यक्रमको लागि) शीर्षकमा विनियोजित बजेटबाट आवश्यक रकम म्याचिङ्ग गरी हुन आउने कुल बजेट रकम रु.६४ लाख ३० हजारबाट नरपानी नुवाकोट सडक, बाँझाखर्क जोगिटारी स[illegible] र धारापानी ढाकावाङ्ग सडकको मर्मतका लागि नगर कार्यपालिकाको मिति २०८३।०६।२६ गते बसेको बैठकबाट भएको निर्णय बमोजिम विनियोजित बजेटबाट आवश्यक ल.ई. तयार गरी नगर कार्यपालिकाको निर्णय समेत संलग्न राखि स्वीकृतिका लागि सडक बोर्ड नेपालमा अनुरोध गरी पठाइएको ।

निर्णय नं.२ : नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०८३/०६/३० मा **सार्वजनिक खरिदमा स्वदेशी उत्पादनको प्रयोग र प्रवर्धन सम्बन्धी निर्देशिका, २०८३** स्वीकृत भई कार्यान्वयनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०७/११ को सूचना मार्फत सबै सार्वजनिक निकायहरुलाई जानकारी गराएको विषय बैठकमा प्रस्तुत भई अवगत भयो । सो सम्बन्धमा उक्त निर्देशिकाको बुँदा नं.५ योजना, अध्ययन, डिजाईन तथा विस्तृत परियोजना प्रतिवेदनमा स्वदेशी मालसामान, स्थानीय सामग्री तथा स्वदेशी प्रविधिको प्रयोग सुनिश्चित गर्नुपर्ने को (३) मा "सडक निर्माण गर्दा आयातित बिटुमिनमा आधारित कालोपत्रेको विकल्पमा प्राविधिक रुपमा उपयुक्त भएमा स्वदेशी सिमेन्ट तथा स्थानीय सामग्रीको प्रयोग हुने सिमेन्ट कङ्क्रिट (पिसिसी) सडक, ढुङ्गाको पेभ्मेन्ट वा अन्य उपयुक्त निर्माण प्रविधि तथा भवन निर्माण गर्दा आयातित ग्रेनाइट, टायल वा अन्य फिनिसिङ्ग सामग्रीको विकल्पमा स्वदेशी मार्वल, ढुङ्गा, स्लेट, टायल लगायतका सामग्री प्रयोग गरी डिजाईन गर्नुपर्नेछ भनि उल्लेख भएको । सोही निर्देशिकाको बुंदा नं. ७ उपयुक्त स्वदेशी विकल्पको उपलब्धता यकिन गर्नुपर्ने को (३) मा यस देखि बमोजिम उपयुक्त स्वदेशी विकल्पको उपलब्धता यकिन गर्दा त्यस्तो विकल्प उपलब्ध नभएको वा प्राविधिक रुपमा उपयुक्त नभएको अवस्थामा सार्वजनिक निकायले त्यसको आधार र कारण खुलाई निर्णय गर्नुपर्नेछ भनि उल्लेख भएको । साथै सोही निर्देशिकाको बुंदा नं. ८ विदेशी मालसामान खरिद गर्न सकिने अवस्था को उपदफा (१) को (क) मा आवश्यक मालसामान नेपालमा उत्पादन नहुने भएमा, (ख) मा स्वेदशी मालसामान वा स्थानीय सामग्रीमा आधारित उपयुक्त वैकल्पिक डिजाईन वा निर्माण प्रविधिबाट आयोजनाको आवश्यक प्राविधिक उद्देश्य पुरा गर्न नसकिने भएमा भनि उल्लेख भएको र सोही बुंदा नं. ८ को (२) मा सार्वजनिक निकायले उपदफा (१) बमोजिम विदेशी मालसामान खरिद वा प्रयोग गर्नुपर्ने भएमा त्यसको आधार र कारण खुलाई निर्णय गर्नुपर्ने छ ।" भनि उल्लेख भएकोमा यस भूमिकास्थान नगरपालिकाले विगतका वर्षहरुमा नगरपालिकाको न्यून बजेटबाट विकासका पूर्वाधारहरुमा उल्लेख्य उपलब्धि हासिल गर्दै नगरपालिका क्षेत्रभित्र प्रतिष्पर्धाको माध्यमबाट हालसम्म करिब ६० किलो मीटर सडक कालोपत्रे गरिसकेको र यातायातका साधनहरु गुड्ने बढी उकालो वा ओरालो भएको सडक क्षेत्रको करिब १ कि.मी. सडक आर.सि.सि. ढलान गरी निर्माण सम्पन्न गरेको अवस्था रहेको । यसरी आर सि सि ढलान गरी सडक निर्माण गर्दा अत्यधिक खर्चिलो हुने र सो को तुलनामा बिटुमिनको प्रयोग गरी सडक निर्माण गर्दा आर सि सि परिमाण भन्दा धेरै परिमाणमा सडक कालोपत्रे गर्न सकिने भएकाले भूमिकास्थान नगरपालिका जस्तो न्यून आयस्रोत भएको नगरपालिकामा नगरबासीहरुको माग बमोजिम न्यून बजेटबाट अधिकतम् विकास निर्माणको कार्य गर्नुपर्ने आवश्यकता भएको हुँदा यस नगरपालिका भित्र रहेका बढी उकालो वा ओरालो क्षेत्र भएको सडक खण्डमा आर सि सि ढलान गरी सडक निर्माण गर्ने कार्यलाई नै निरन्तरता दिने र समथर वा कम उकालो ओरालो क्षेत्रमा सडकको दीगो रुपमा टिकाउपनलाई समेत मध्यनजर गर्दै आवश्यकता अनुसार बिटुमिनको प्रयोग हुनेगरी प्राविधिक लागत इष्टिमेट गरी निर्माण प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय प्रमाणित गरिएको

२०८३/०७/०२